# <u>मिति २०७६।०९।१८ को कार्यापालिकाको निर्णय :</u>

## निर्णयहरु :

निर्णय नं. १,

राजपुर गाउँपालिका पशुपालनको क्षेत्रमा विशेष गरी भैसी पालनको क्षेत्रमा राम्रो अवसर रहेको, गाउँपालिकाको विकासको प्रमुख आधार कृषि र पशु क्षेत्र भएको सन्दर्भमा प्रदेश कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्रालय,यस गाउँपालिका तथा यस गाउँपालिकाको वडा नं १ देखि ७ सम्मका भैसिपालक कृषकहरुको सहकार्यमा भैसीको श्रोत केन्द्र स्थापना गर्ने सम्बन्धमा प्रदेश कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्रीज्यूको समुपस्थिती का साथै अन्य माननीय प्रदेश सभा सदस्यहरुको उपस्थितिमा वडा न. ३ को बशन्तापुरमा मिति २०७६ साल पौष ११ गते भएको त्रिपक्षिय छलफल अनुसार त्रिपक्षीय लागत सहभागिता(प्रदेश मन्त्रालयबाट ५० प्रतिशत,गाउँपालिका बाट २५ प्रतिशत र पशुपालक कृषकहरुबाट २५ प्रतिशत) मा स्रोत केन्द्र स्थापना गर्ने तथा उक्त स्रोत केन्द्र यस गाउँपालिकाको वडा नं ३ र ४ को सिमानामा पर्ने रावेदोभानमा स्थापना गर्ने गाउँपालिकाबाट प्रतिवद्धता जनाउने निर्णय गरियो ।

निर्णय नं २,

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा १८ मा **स्थानीय अनुगमन समिति** को व्यवस्था भएको र उपदफा(१) मा “नदीजन्य पदार्थको उत्खनन्,संकलन भण्डारण,क्रसिङ प्रसोधन र विक्रि वितरण कार्यको कार्यान्वयन,समन्वय अनुगमन र नियमन,स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले स्थानीय तहका प्रमुख/अध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गर्नेछ” भन्ने व्यवस्था भएको र सोही दफा को उपदफा(२) मा “स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण स्थानीय तहको कार्यपालिकाले तोके बमोजिम हुनेछ” भन्ने व्यवस्था गरेकोले यस गाउँपालिका क्षेत्रमा संचालन भएको नदीजन्य पदार्थको उत्खनन् , प्रसोधन भण्डारण एवं विक्रि कार्यको अनुगन नियमन गर्न देहयाको स्थानीय अनुगमन समिति र सो को कार्यविधि बनाउने निर्णय गरियो ।

**(क) स्थानीय अनुगमन समितिको गठन :**

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष, | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष, | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत, | सदस्य |
| ४. सम्बन्धीत वडाको वडा अध्यक्ष, | सदस्य |
| ५. इन्जिनियर, | सदस्य-सचिव |

**(ख) कार्यविवरण :**

१. कम्तिमा महिनामा एक पटक र आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने,

२. गुनासो आएको ठाउँमा तत्काल अनुगमन गर्ने,

३. अनुगमनबाट देखिएको अवस्था हेरी मौखिक वा लिखित निर्देशन दिने,

४. आइपरेका समस्याहरुलाई सम्बोधन गर्न पहल गर्ने,

५. आगामी वर्षको लागि सुझाव दिने,

६. नदीजन्य पदार्थ उत्खनन् भएको स्थानमा प्रारारम्भिक वातावरणीय मूल्याङ्कनमा सुझाइए अनुसार प्रकोप न्यूनिकरणको लागि रोकथामका कार्यक्रमहरु संचालन गर्न कार्यपालिकामा सुझाव पेश गर्ने,

७. अनुगमन समितिले दिएको निर्देशन अवज्ञा गर्ने पक्षलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउने,

८. अनुगमन समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि कृषि पशुपंक्षिमा आधारित उद्यम व्यवसाय परियोजना यस विद्यालयले संचालनका लागि प्रदेश सामाजिक विकास मन्त्रालय, बुटवलमा प्रस्तावना पेश गर्ने भएकोले सम्बन्धीत स्थानीय तहको उद्यम व्यवसाय परियोजना संचालनका बखत रेखदेख तथा सरसहयोग पूर्णरुपमा गर्ने प्रतिवद्धता आवश्यक परेको हुदा प्रतिद्धता उपलब्ध गराइदिनुहुन भनि साधारण नमूना माध्यामिक विद्यालय गंगदी बाट लेखि आएकोले गाउँपालिकाको एक मात्र प्राविधिक धारको विद्यालय भएको हुदाँ उक्त विद्यालयलाई माग अनुसारको प्रतिवद्धता गर्ने निर्णय गरियो ।